
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ १५ गते सोमबार ❑ 29 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## भारत भ्रमणका क्रममा हुने सम्झौतामा राष्ट्रिय सहमति हुन्छ : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, १४ जेठ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पूर्वप्रधानमन्त्री, पूर्वपरराष्ट्रमन्त्री, विभिन्न दलका नेता र परराष्ट्र मामिलाका जानकार हरूसँग सुझाव लिनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आइतबार आयोजित कार्यक्रममा उहाँले आफ्नो आसन्न भारत भ्रमणलाई फलदायी बनाउने सन्दर्भमा सुझाव लिनुभएको हो।

पूर्वप्रधानमन्त्री, पूर्वपरराष्ट्रमन्त्री, विभिन्न दलका नेता र यस क्षेत्रका विज्ञहरूसँग सुझाव लिने क्रम निरन्तर रहेको जनाउँदै प्रधानमन्त्री दाहालले भन्नुभयो, "अहिलेसम्म सबैको सुझाव सकारात्मक छ, सबैले राष्ट्रको हितमा के गर्नुपर्छ भन्ने सकारात्मक सुझाव दिनुभएको छ।"

सञ्चारकर्मीले यस पटक गरिने सम्झौताहरूमा राष्ट्रिय सहमति हुन्छ भनी गरिएको प्रश्नमा उहाँले भन्नुभयो, "राष्ट्रिय सहमति हुन्छ।" प्रधानमन्त्री दाहालले यही जेठ १७ देखि २० गतेसम्म (मे ३१ देखि जुन ३ तारिख) छिमेकी मित्रराष्ट्र भारतको औपचारिक भ्रमण गर्नुहुने भएको छ। प्रधानमन्त्री दाहाल भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा सो भ्रमणमा जानलाग्नुभएको हो।

कार्यक्रममा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले आफूले द्विपक्षीय सम्बन्ध राम्रो बनाउन सर्वप्रथम दुई देशबीच विश्वासको वातावरण हुनुपर्ने सुझाव दिएको बताउनुभयो। साथै उहाँले प्रधानमन्त्री दाहाललाई दुई देशबीचका विभिन्न मुद्दा समाधानका लागि प्रबुद्ध व्यक्ति समूह (इपिजी)को प्रतिवेदन ग्रहण गर्नुपर्ने बताउँदै यसले समग्रतामा हल हुने सुझाव दिएको सञ्चारकर्मीलाई जानकारी दिनुभयो। पूर्वपरराष्ट्रमन्त्री डा नारायण खड्काले कार्यक्रममा प्रधानमन्त्री दाहालले दुई देशबीचको सम्बन्ध थप प्रगाढ बनाउन र आर्थिक व्यापारिक, वाणिज्य, ऊर्जालगायत विविध विषयमा छलफल र सहमति हुने जानकारी गराउनुभएको बताउनुभयो। सो अवसरमा पूर्वमन्त्री खड्काले राष्ट्रको हितलाई सर्वोपरि ठानेर आत्मविश्वासका साथ आफ्ना कुरा राख्न सुझाव दिएको जानकारी गराउनुभयो। अर्का पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले नेपालको राष्ट्रिय हितमा दृढतापूर्वक उभिँदा प्रमुख प्रतिपक्ष दलको हिसाबले पूर्ण समर्थन हुने आफूले बताएको जानकारी दिनुभयो। साथै उहाँले भ्रमण र संवादका क्रममा इपिजी प्रतिवेदन ग्रहण गर्नका लागि जोड दिन, ऐतिहासिक तथ्यका आधारमा सिमानाको विषय समाधान गर्न, व्यापार घाटा कम गर्नका लागि नेपालमा उत्पादित सामग्री प्रवेशमा भारतलाई उदार हुनका लागि पहल गर्न, विभिन्न जलविद्युत् आयोजना अघि बढाउन पहल गर्नेलगायत विषयमा आफूले सुझाव दिएको बताउनुभयो। पूर्वपरराष्ट्रमन्त्री डा प्रकाशचन्द्र लोहनीले राष्ट्रिय हित, राष्ट्रिय स्वार्थ र नेपाली जनताको आत्मसम्मानलाई दृष्टिगत गरेर तथा केन्द्रित भएर मित्रराष्ट्र भारतसँग आपसी हितका कुराकानी गरेर विश्वासको वातावरण बनाउन सुझाव दिएको बताउनुभयो।

पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले प्रधानमन्त्री दाहालले दुई देशबीच सहयोगका बारेमा यसपालि सहमति बन्ने, समझदारी हुने र केही विषयमा सम्झौतामा हस्ताक्षर हुने जानकारी गराएको बताउँदै सिमानाको विषय समाधानका लागि अध्ययन गरेर दह्रो भएर कुरा राख्न आफूले सुझाव दिएको जानकारी गराउनुभयो। प्रधानमन्त्री दाहालले यसपटकको भारत भ्रमणका क्रममा भारतका राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखडसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ। यसैगरी, उहाँले जेठ १८ गते भारतका प्रधानमन्त्री मोदीसँग हैदरावाद हाउसमा प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुने वार्तापछि दुवै प्रधानमन्त्रीले संयुक्त पत्रकार सम्मेलन गर्नुहुने छ। प्रधानमन्त्रीका रूपमा दाहालको यो चौथो भारत भ्रमण हो। यस भ्रमणले नेपाल र भारतबीचको सदियौँ पुरानो, बहुआयामिक र सौहार्द्रपूर्ण सम्बन्धलाई थप प्रगाढ बनाउने अपेक्षा गरिएको छ।

## यूएसए, इजिप्ट र पाकिस्तान बने 'बेस्ट डेलिगेट'

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

तीन दिनसम्म भएको पोखरा एमयूएन आइतबार सकिएको छ। युथ थिंकर्स सोसाइटी पोखराको आयोजनामा शुक्रबारदेखि भएको संयूक्त राष्ट्रसंघको नमुना महासभामा तीन जना बेस्ट डेलिगेटबाट सम्मानित भए।

देशभरका १४ जिल्लाबाट प्रतिनिधि गरेका युवा मध्य ३ जनाले बेस्ट डेलिगेट बन्न सफल भएको वाइटिएस पोखराका अध्यक्ष रिजन ढुंगानाले बताए। उनका अनुसार सहभागी प्रतिनिधिले विभिन्न ८० देशको प्रतिनिधित्वको गरेका थिए। प्रतिनिधित्व मध्य यूएसए, इजिप्ट र पाकिस्तान बेस्ट डेलिडेट बन्न सफल भएका हुन्। यूएसएका प्रतिनिधि हार्दिक पराजुली यूएनइपीबाट बेस्ट डेलिगेट बने। इकोफ्यानबाट सौगात गौतम बेस्ट डेलिगेट बन्न सफल भएका हुन्।

यस्तै डब्लुएचओबाट पाकिस्तानको प्रतिनिधित्व गरेका आदर्श झा बेस्ट डेलिगेट बन्ने। उनीहरुलाई ट्रफी र प्रमाणपत्रद्धारा सम्मान गरिएको हो। यस्तै तीनै क्षेत्रबाट बेस्ट इस्टाटेजिक्स मलेसियाबाट अल्भिना बराल, यूएसएबाट उत्सब सेडी र एभिक कर्न चाइनाबाट जितेका छन्। बेष्ट पोजिसन पेपरबाट युकेकी प्रतिनिधि प्रतिक्षा सेडी, रसियाबाट दीपिका श्रेष्ठ र इन्डियाका प्रतिनिधि आर्य पुडासैनीले पुरस्कृत भएका हुन्।

लेखसाइडमा फर्जी औषधिका कारण विश्वमा बढ्दै गएको खतरा, आर्थिक मन्दी र विद्युतीय फोहोरको सुरक्षित व्यवस्थापनका सम्बन्धमा नमुना महासभामा बहस भएको थियो। उद्घाटन समारोह र समापन सत्रमा प्रमुख अतिथि नेपालका लागि अमेरिकी राजदूतावासका



अधिकारी ध्रुव शाह थिए। शाहले नमुना महासभाले डेलिगेटलाई आलोचनात्मक विश्लेषण सिपलाई डेलिगेटहरुलाई सक्षम बनाएको बताए। 'तपाईंहरुको यो प्रशिक्षण वा सिकाइमार्फत शैक्षिकसँगै राष्ट्रिय तथा विश्वव्यापी मुद्दाहरू कसरी उठाउने भन्ने जान्न बुझ्न अवसर पाउनुभयो भन्ने मैले बुझेको छु,' शाहले भने। सभामा विश्वव्यापी समस्याहरूको सम्भावित समाधानका उपाय पनि प्रस्तुत भएको थियो। विषय वस्तुमा केन्द्रित भएर भोटिङ गर्दा नीतिगत, कुटनीति, अन्तर ाष्ट्रिय सम्बन्धलाई मध्यनजर गरिएको थियो। संस्थाका अध्यक्ष रिजन ढुंगानाले डेलिगेटहरुलाई सौहार्द्रपूर्ण वातावरणमा कार्यक्रममा सकिएको बताए। उनले नमुना सभा एउटा सिकाइ भएकाले यसको भरपूर प्रयोग गर्न अनुरोधसमेत गरेका थिए। कार्यक्रममा वाइटिएसका कोफाउन्डर क्षितिज भट्टराई, वामन घिमिरे लगायत उपस्थित थिए।

## महिला पर्यटन व्यवसायी मञ्चका सदस्यलाई डिजिटल मार्केटिङ तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)द्धारा आयोजित डिजिटल मार्केटिङ तालिम सम्बन्धित दुई दिने तालिम सम्पन्न भएको छ।

प्रविधिमैत्री व्यवसायका लागि मञ्चले आफ्नो संस्थामा आवद्ध ६० जना सदस्यलाई प्रविधिको प्रयोग गरि कसरी व्यवसायिक लाभ लिन सकिन्छ भन्ने विषयमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको प्रवर्द्धनमा प्रशिक्षण प्रदान गरेको हो ।

समापन समारोह गण्डकी प्रदेशका प्रदेश सभा सदस्य देवका पहारीले प्रविधिको प्रयोग विना व्यवसाय सञ्चालन गर्न कठिन हुने जनाउँदै तालिममा सिकेको कुरा व्यवहारमा लागु गर्न आग्रह गर्नुभयो। उहाँले लेकसाइडमा विभिन्न देशका पर्यटन आउने भएकाले उनीहरुको चाहाना अनुरुपको सेवा प्रदान गर्न साथै व्यवसायको बारेमा जानकारी दिन प्रविधि मैत्री व्यवसाय आजको आवश्यकता भएको बताउनुभयो। उहाँले हरेकको हात हातमा मोवाइल फोन भएकाले यसलाई व्यवसाय प्रवर्द्धनकालागि प्रयोग गर्न उहाँको सुझाव थियो। कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पर्यटन क्षेत्रमा महिलाको योगदानको चर्चा गर्दै तालिमले प्रविधिमैत्री व्यवसाय सञ्चालनमा सघाउ पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा नेपाल पर्यटन वोर्डका गण्डकी प्रदेशका प्रबन्धक नविन पोखरेलले परम्परागत मार्केटिङले अब व्यवसायले गति लिन नसक्ने भएकाले यसको महत्वलाई बुझ्न आग्रह गर्नुभयो।

पर्यटन क्षेत्रको विकासका



लागि सृजनात्मक र रचनात्मकसँगै प्रविधिलाई पनि जोड दिनु पर्ने बताउनुभयो। अहिलेको युग नै प्रविधिको युग भएकाले डिजिटल माध्यमबाट नै व्यवसाय प्रवर्द्धन गरेर व्यवसायिक लाभ लिनुपर्ने उहाँको भनाइ थियो। महिला पर्यटन व्यवसायी मञ्च पोखराका अध्यक्ष उमादेवी भण्डारीले पर्यटन क्षेत्रमा प्रभावकारी सेवा प्रवाहका लागि डिजिटल प्रविधिको मार्केटिङको आवश्यता महसुस गर्दै तालिमको प्रदान गरिएको बताउनुभयो। कार्यक्रमा ओटेफका संस्थापक अध्यक्ष जमुना पराजुली, सल्लाहाकार नर्मला कँडेल र सहभागिको तर्फबाट मिरा पौडेल र दमयन्ति भट्टराइ संस्थाको उद्देश्य र डिजिटल मार्केटिङका बारेमा आफ्नो धारणाहरु राख्नुभएको थियो भने उपस्थित सम्पूर्ण धन्यवाद तालिम संयोजक शुसिला भण्डारीले गर्नुभएको थियो। तालिममा प्रविण अधिकारी, मनिस अमगाइँ र वर्षा भण्डारीले सहजिकरण गरेको तालिममा ६० जना पर्यटन व्यवसायी महिला सहभागी रहेको महासचिव लक्ष्मी लामिछानेले जानकारी दिनुभयो।

## चौधरीलाई आममाफी दिन राष्ट्रपतिसमक्ष सिफारिस

**रासस**
काठमाडौं, १४ जेठ

सरकारले नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरीलाई आममाफी दिन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको छ। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतबार बसेको मन्त्रिपरिषद्को वैठकले नेता चौधरीलगायत बन्दी जीवन बिताइरहेका व्यक्तिलाई आममाफी र कैद मिनाहा हुने गरी सिफारिस गर्ने निर्णय गरेको हो।

सञ्चार तथा सूचना प्रविधिमन्त्रीमन्त्री रेखा शर्माले मन्त्रिपरिषद् निर्णयबारे जानकारी दिँदै गणतन्त्र दिवसका अवसरमा नेता चौधरीको बाँकी सजाय मिनाहासँगै आममाफी दिन सिफारिस गरिएको बताउनुभयो।

"सोमबार गणतन्त्र दिवस छ, गणतन्त्र दिवसका सन्दर्भमा केही कैदीको बाँकी सजाय माफी गर्ने र ५० प्रतिशत सजाय काटिसकेकाको हकमा जुन निर्णय गर्ने प्रचलन छ, त्यसका निम्ति निर्णय भएको छ, मुख्य निर्णय रेशम चौधरीको निवेदनका आधारमा र राष्ट्रपति कार्यालयले सोधिएका केही विषयलाई पनि सम्बोधन गरेर राष्ट्रपति कार्यालयमा सिफारिस गर्ने भन्ने आजको निर्णय छ", उहाँले भन्नुभयो।सरकारकोसिफारिसअनुसार राष्ट्रपति कार्यालयले निर्णय गरेका खण्डमा नेता चौधरी सोमबार गणतन्त्र दिवसका अवसरमा जेलमुक्त हुनुहुनेछ।


विसं २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा थरुहट थारुवान आन्दोलनका क्रममा नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित सात सुरक्षाकर्मी र एक नाबालकको मृत्यु हुनेगरी भएको हिंसात्मक घटनाका आरोपित चौधरी जेल चलान हुनुभएको थियो। उहाँलाई जिल्ला अदालत कैलाली, उच्च अदालत दिपायल र सर्वोच्च अदालत समेतले जन्मकैदको सजाय सुनाएका हुन्।


## गणतन्त्रका उपलब्धीहरू

◆संघीयताको अभ्यासमार्फत संघ,प्रदेश र स्थानीय तहमा शक्ति बाँडफाँड,
◆विधिको शासनको व्यवस्था,
◆अधिकार सम्पन्न स्थानीय तह,
◆ जनअनुमोदित प्रतिनिधिबाट शासन सञ्चालन,
◆अभिव्यक्ति स्वतन्त्रताको रक्षा,
यी उपलब्धीहरुको रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# लेकाली सेकुवा रेष्टुरेण्ट एण्ड बारको शुभारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

पोखराको अमरसिंह चोकमा रहेको होटल टास्कले आफ्नो तेश्रो आउटलेटको रुपमा लेकाली सेकुवा रेष्टुरेण्ट एण्ड बारबाट न्युनतम खुद्रा मुल्यमा बियर रेष्टुरेण्ट सञ्चालनमा ल्याएको छ । उक्त बारको उद्घाटन गर्दै गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले पछिल्लो समय रेष्टुरेण्टहरु खुल्ने क्रम बढिरहदा रेष्टुरेण्टहरुले आफ्ना ग्राहकहरुलाई मध्येनजर गरी सेवा प्रदान गर्न आवश्यक रहेको वताए ।




भट्टीबाट रुपान्तरित भएर पछिल्लो समय रेष्टुरेण्ट र बारहरु सञ्चालन हुदै आइरदा अहिलेको ब्यस्त समयका कारण मानिसहरुले घरमा खाना खाजा पकाउने समय नभएकै कारण रेष्टुरेण्टहरुमा खाना खाजा खाने क्रम वढ्दो रुपमा रहेको बताउदै गुरुङले ग्राहकको इच्छा र चाहनालाई सञ्चालकहरुले ध्यान दिन जरुरी रहेको बताए ।

होटल टास्कका सञ्चालक मीन गुरुङले गण्डकी प्रदेशमानै पहिलोपटक होटल टास्कको तीनवटै आउटलेटबाट न्युनतम खुद्रा मुल्यमा गोर्खा ब्रुअरीको उत्पादनहरु ग्राहक समक्ष पस्कदै आइरहेको वताए । लेकाली सेकुवा रेष्टुरेण्ट एण्ड बारबाट स्थानिय उत्पादन कोदोको रक्सी (नारे पा)को प्रवर्द्धन संगै पोर्क (कालो धराने बंगुरको परिकारहरु) मटन, चिकन र बफका परिकारहरुको समेत स्वाद लिन सक्ने गुरुङले बताए। कोभिड १९ का कारण आर्थिक मन्दी भई जनमानसमा पर्याप्त आम्दानी नभइरहेको बेला "सबैको लागि लेकाली, संधैको लागि लेकाली" भन्ने मुल उद्देश्यका साथे लेकाली सेकुवा रेष्टुरेण्ट एण्ड बार सञ्चालनमा ल्याइ सेवामुलक व्यवसायमार्फत ग्राहकहरुलाई सर्वसुलभ मुल्यमा बियर र खानाका परिकारहरु पस्कने गुरुङको भनाइ रहेको थियो ।

ग्राण्ड ओपनिङको अवसर पारी शनिवार सांझ अहिलेका बहुचर्चित गायक तथा मोडल प्रकाश सपुतको प्रस्तुती मार्फत ग्राहकहरुले मनोरन्जन लिएका थिए । सपुत संगै लोकदोहोरी गायिका बत्ती थापाको दोहोरी प्रस्तुती संगै स्थानिय ब्याण्ड ब्ल्याक फेदरको लाइभ ब्याण्ड प्रस्तुती र तमु प्ल्येहु संघ केन्द्रीय युवा समितिको नृत्य मार्फत ग्राहकहरुले भरपुर मनोरन्जन लिएका थिए । आगामी दिनमा पनि विभिन्न ख्यातिप्राप्त कलाकारहरुको प्रस्तुतीहरु ग्राहक समक्ष पस्कन् योजना रहेको संचालक गुरुङले जानकारी दिए ।

# नेपाल प्रेस युनियन कास्कीको पदस्थापन

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

नेपाल प्रेस युनियन कास्कीको १० औं जिल्ला अधिवेशनबाट नवनिर्वाचित पदाधिकारीको आइतबार पदस्थापन गरिएको छ ।

नवनिर्वाचित कार्यसमितिलाई गण्डकी प्रदेशका उद्याग, पर्यटन, वन तथा वातावरण मन्त्री मन्त्री दिपेन्द्रबहादुर थापाले प्रमाणपत्र वितरण गरेका गरे । निर्वाचन समितिका संयोजक राजबहादुर गुरुङले पद तथा गापनियताको शपथ ग्रहण गराएका थिए ।

जेठ ७ गते भएको नेपाल प्रेस युनियन कास्कीको १० औं जिल्ला अधिवेशनले बासुदेव मिश्रको अध्यक्षतामा सर्वसम्मत कार्यसमिति चयन गरेको थियो ।

प्रेस युनियन १० औं जिल्ला अधिवेशनबाट उपाध्यक्ष (खुल्ला) विजय लम्साल, उपाध्यक्ष(महिला) ज्योति हमाल, सचिव धनबहादुर गुरुङ (सुमन), सह-सचिव सपना अधिकारी र कोषाध्यक्षमा नीराजन अधिकारी सर्वसम्मत निर्वाचित भएका थिए । यस्तै सदस्यमा अजय क्षेत्री, विवेक ढुङ्गाना, रोवर्ट घिमिरे, सञ्जय आचार्य, शिव प्रसाद न्यौपाने, अभिनन्दन बजिमय, प्रवीण थापामगर, प्रतिभा सापकोटा, बलबहादुर रोकामगर, देवीका तामाङ र सविन विक निर्वाचित भएका थिए । लोकतन्त्रको महत्वपूर्ण अङ्ग मिडियाः मन्त्री थापामगर गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दिपेन्द्रबहादुर थापामगरले लोकतन्त्रको लागि मिडिया महत्वपूर्ण अङ्ग भएको बताएका छन् । नेपाल प्रेस युनियन कास्कीको १० औं जिल्ला अधिवेशनमा निर्वाचित पदाधिकारीको पदस्थापनपछि मन्त्री थापाले लोकतन्त्रमा मिडियाको भूमिका महत्वपूर्ण हुने बताए । 'लोकतन्त्रमा मिडिया भएन भने मानव अपाङ्ग जस्तै हुन्छ, त्यसैले लोकतन्त्रको महत्वपूर्ण अङ्ग मिडिया हो, मन्त्री थापाले भने, 'मिडियाले अधिकारीको लागि, यथार्थ वस्तु स्थितिको बारेमा सत्य तथ्यको बारेमा मिडियाले जानकारी दिन्छ ।' उनले देश विकास र समृद्धिको लागि मिडियाले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।

निष्पक्ष पत्रकारिताको लागि सबै भन्दा पहिले पत्रकार स्वावलम्बी बन्नुपर्नेमा मन्त्री थापामगरले जोड दिए । उनले गण्डकी प्रदेशलाई पर्यटनको क्षेत्रबाट समृद्धि बनाउन पत्रकारहरुले पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा सहयोग गर्ने समेत आग्रह गरे ।

नेपाल प्रेस युनियन कास्कीको पदस्थापन कार्यक्रममा नेपाल प्रेस युनियनका पूर्व केन्द्रिय उपाध्यक्षद्वय गंगाधर पराजुली, रमेश पौडेल, गण्डकी प्रदेश अध्यक्ष टंक अधिकारी, प्रेस युनियन कास्कीका सल्लाहकारद्वय तारा पाखे र डा. बलराम उपाध्याय रेग्मी, नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य सरिता तिमिल्सिना, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारी, प्रेस युनियन कास्कीका निवर्तमान अध्यक्ष नविन सिग्देल, नि वर्तमान कार्यवाहक अध्यक्ष रविना आले, ले शुभकामना मन्तव्य राखेका थिए ।

# अन्तर्राष्ट्रिय महिला भलिबलको उपाधि भारतलाई

**रासस**
काठमाडौं, १४ जेठ

भारतले काजाकस्तानलाई पराजित गर्दै एनएससी काभा (सेन्ट्रल एसियन भलिबल एशोसिएशन) महिला भलिबल च्यालेन्ज कपको उपाधि जितेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा आज भएको फाइनल खेलमा काजाकस्तानलाई ३-० को सोझो सेटमा हराउँदै भारत च्याम्पियन बनेको हो । भारतले काजाकस्तानलाई पहिलो सेट २५-१५ ले जित्यो भने खेलको दोस्रो सेट २५-२२ तथा तेस्रो सेट २५-१८ ले विजयी भयो ।

उक्त प्रतियोगितामा नेपाल तेस्रो स्थानमा रह्यो ।

आइतबार भएको तेस्रो स्थानको भीडन्तमा नेपालले उज्वेकिस्तानलाई ३-१ को सेटमा पराजित गर्दै विजयी भएको हो । त्यसैगरी प्रतियोगितामा श्रीलङ्का पाँचौं, कीर्गिस्तान छैटौं, माल्दिभ्स सातौं र बङ्गलादेश आठौ स्थानमा रह्यो । यही जेठ ८ गतेदेखि सञ्चालन भएको उक्त प्रतियोगितामा विभिन्न आठ टोलीको सहभागिता रहेको थियो ।

## सूचनाको हक

- प्रत्येक नागरिकलाई आफ्नै वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने वा पाउने सूचनाको हक हुन्छ ।
- नागरिकले नमागे पनि सार्वजनिक निकाय आफै सक्रिय भएर सार्वजनिक महत्वको सूचना प्रवाह गर्नुपर्दछ ।

**गण्डकी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**पोखरा, नेपाल**
**सम्पर्क नः ०६१-४६७७३२/४६७७३३**

## कर्मचारी आवश्यकता

**प्रकाशित मिति : २०८०/०२/१४**

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को लागि तपशिलमा उल्लेख भए बमोजिमका योग्यता भएका कर्मचारीहरु आवश्यकता परेको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट हस्तलिखित निवेदन, वायोडाटा, SLC/SEE देखि हाल सम्मको शैक्षिक प्रमाणपत्रको छायाँ कपि पासपोर्ट साईजको १ प्रति फोटो, नागरिकताको प्रतिलिपि सहित निम्न उल्लेखित ठेगानामा दरखास्तको लागि आव्हान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | सुपरभाईजर | १ | • स्नातक पास वा स्नातकोत्तर र अनुभवीलाई विशेष ग्राह्यता दिइने ।<br>• कम्तिमा ३ देखि ४ वर्षको (बैंक तथा सहकारी संस्थामा) वित्तिय अनुभव भएको ।<br>• सवारी चालक अनुमति पत्र भएको ।<br>• ऋण लगानी तथा असुली सम्बन्धी विशेष ज्ञान भएको ।<br>• प्रतिवेदन लेखन/बजारीकरण सम्बन्धी ज्ञान भएको ।<br>• कम्पुटर सम्बन्धी राम्रो अनुभव भएको ।<br>• उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । |
| २. | वरिष्ठ सहायक | १ | • स्नातक उतिर्ण र अनुभवीलाई विशेष ग्राह्यता दिइने ।<br>• कम्तिमा १ देखि २ वर्षको (बैंक तथा सहकारी संस्थामा) वित्तिय अनुभव भएको ।<br>• सवारी चालक अनुमति पत्र भएको ।<br>• कम्पुटर सम्बन्धी राम्रो अनुभव भएको ।<br>• उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । |

**अन्य थप जानकारीहरुः**
- **आवेदन दिने अन्तिम मितिः २०८० जेष्ठ ३२ गते, विहिबार**
- **परीक्षाको किसिमः अन्तर्वार्ता ।**
- **सेवा सुविधाः संस्थाको नियमानुसार हुनेछ ।**
- **Short Listing मा परेको उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सहभागी गराईनेछ ।**
- **आवेदन संस्थाको ईमेल ठेगाना ccsccltd@gmail.com वा संस्थामा उपस्थित भएर दिन सकिने छ ।**

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा वडा नं. १३, कुँडहर, १३ नं. वडा कार्यालय अगाडी
फोन नं. ०६१-५८५७९५, ०६१-५८०५६७, ०६१-५७६९८८
Email : ccsccltd@gmail.com

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# नारिशक्ति आमा समुहद्धारा मानव सेवा आश्रम भोजनदान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

नारिशक्ति जागरण आमा समूह पोखरा १७ आँखा अस्पतालचोकद्धारा मानव सेवा आश्रम छोरेपाटनमा भोजनदान गरेको छ।

संस्थाको चौथो स्थापना दिवसका अवसरमा समुहले आश्रममा आश्रित वालवालिका र महिलाहरुका लागि १८ हजार ५०० रुपैया बरावरको एक छाक खानाको सहयोग गरेको हो।

पोखरा महानगरपालिकाका वडा नं. १७ का वडाअध्यक्ष एवम् समुहका सल्लाहकार राधिका शाही योगीले सो कार्यक्रममो शुभारम्भ गर्दै टोल छिमेकमा हुने शुभकार्यमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेर संकलन गरेको रकमबाट आश्रममा भोजनको व्यवस्थापन गरेर समुहले सामाजिक उत्तरदायित्व पुरा गरेको बताउनुभयो। आकाशलाई छानो र सडकलाई घर वनाएका सडक मानवको उद्धार गरेर गाँस,




वास र कपासको व्यवस्थापन गरेर आश्रमले मानविय सेवामा महत्वपूर्ण योगदान गरेको उल्लेख गर्दै उहाँले यस्ता पुण्य कार्यमा सवै संघसंस्था एवम् व्यक्तिको सहयोग रहनु पर्नेमा जोडदिनुभयो । आमा समुहको सकृयतामा महिलाको नेतृत्व विकासमा महत्वपूर्ण योगदान पुगेको बताउँदै उहाँले यस्ता संस्थाहरु ऋव उत्पादनसंग जोडिनुको विकल्प नभएको बताउनुभयो । कार्यक्रममा समुहका अध्यक्ष प्यारी गुरुङले एक छाक भोजन बरावरको रकम आश्रमका सम्झना बर्तौलालाई हस्तान्तरण गर्दै आगामी दिनमा पनि समुहको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । समुहले समाजका सामाजिक, आर्थिक र वातावरणीय सेवामा समर्पित हुदै बिभिन्न गतिविधि सञ्चालन गर्दै आएको सचिव पूर्णकला पोखेलले सो अवसरमा जानकारी दिनुभयो।

# विन्ध्यवासिनी माविमा पुरस्कार तथा छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुसीला सिम्खडाले पुरानै ढर्राको निति तथा योजनाले प्रदेशको विकास संभव नहुने बताउनुभएको छ।

पोखरा महानगरपालिका वडा नं १६ बाटुलेचौरमा रहेको विन्ध्यवासिनी मा विको वार्षिक पुरस्कार वितरण तथा छात्रवृत्ति वितरण कार्यक्रममा बोल्दै मन्त्री सिम्खडाले शिक्षा र स्वास्थ्यको क्षेत्रमा नयाँ विकास ल्याउने गरी आफु सरकारमा सहभागी भएको स्पष्ट पार्नुभयो। उहाँले शिक्षा र स्वास्थ्यमा जनताले अनुभूति गर्ने गरी र परिणाम देखिने गरी कार्यक्रम ल्याउन आफुले विभिन्न क्षेत्रका विज्ञहरूसँग परामर्श गरी रहेको बताउनुभयो।

मन्त्री सिम्खडाले भन्नुभयो- स्वतन्त्र ढंगले योजना बनाए पनि, कार्यान्वयन गर्न गाह्रो छ, तर




म अनुभूति दिलाउने गरी काम गर्छु। उहाँले नेपालकै उत्कृष्ट नमुना विद्यालय बनेर प्रदेशकै ईज्जत राखेको भन्दै विद्यालयका समस्या समाधान गर्ने दायित्व आफ्नो पनि रहेको स्पष्ट पार्नुभयो। एक अर्को प्रसङ्गमा मन्त्री सिम्खडाले आफ्नो मन्त्रालयले कुनै पनि कार्यक्रममा खाँदाको प्रयोगलाई निषेध गरेको प्रष्ट पार्नुभयो। पोखरा १६ का अध्यक्ष अमृत शर्मा तिमिल्सिनाले विद्यालय उत्कृष्ट हुनुमा सरोकारवाला सबैको भुमिका महत्वपुर्ण रहेको बताउँदै, अन्य विद्यालयले पनि सिको गर्नुपर्नेमा जोड दिनुभयो। विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य गुरूदत्त भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले विद्यालयको प्रतिवेदन प्रस्तुत गर्दै शैक्षिक गुणस्तरका लागि विद्यालयले सबै पक्षसँग समन्वय गरिरहेको बताउनुभयो । कार्यक्रममा कक्षा नर्सरी देखि १२ सम्मको शैक्षिक तथा खेलकुद पुरस्कार र छात्रवृत्ति वितरण गरिएको छ । उत्कृष्ट विद्यार्थीलाई विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष चन्द्रा कुमारी थापा, पुर्व अध्यक्ष गोविन्द वहादुर वस्नेत, पुर्व प्रधानाध्यापक अग्नीधर शर्मा, अनुगमन समितिका संयोजक चित्र बहादुर थापा, सल्लाहकार दान बहादुर बानियाँ, बिद्यालय ब्यवस्थापन समितिका सदस्य ईन्दु भट्टराई लगायतकाले पुरस्कार वितरण गरेका थिए। त्यस्तै शिक्षीका दुर्गा थापा र कर्मचारी राम बहादुर केसीलाई सम्मान सहित बिदाई गरिएको छ।

सहायक प्रधानाध्यापक रामबहादुर बानियाँले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन शिक्षक दुर्गा सापकोटाले गर्नुभएको थियो । कार्यक्रममा विद्यार्थीले सस्कृति झल्काउने नृत्य समेत प्रस्तुत गरेका थिए।

# मध्यमस्र्याङ्दीमा बढ्दै बिजुली

**पोखरापत्र संवाददाता**
लमजुङ, १४ जेठ

यहाँ उत्पादिन मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली वृद्धि हुन थालेको छ।

मर्स्याङ्दी नदीमा पानीको बहाव बढ्न थालेसँगै बैंसीसहर नगरपालिका-१ दलालमा रहेको ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना केन्द्रबाट बिजुली उत्पादन वृद्धि हुन थालेको हो। केही दिन यता बेलाबेलामा वर्षा हुनाका साथै हिउँ पग्लिएर मर्स्याङ्दी नदीमा पानी बढेपछि यतिबेला दैनिक ५७/६० मेगावाटसम्म बिजुली उत्पादन भइरहेको केन्द्रका प्रमुख पवन बस्नेतले बताउनुभयो । उहाँले भन्नुभयो, "जाडो याम सुरु भई सो नदीमा पानीको बहाव कम हुँदै जाँदा क्षमताभन्दा कम उत्पादन भइरहेको यस केन्द्रको बिजुली विस्तारै वृद्धि हुदै गएको छ।" केही समय २६ मेगावाट मात्र बिजुली उत्पादन भएकामा यतिबेला वृद्धि हुँदै गएको र एक महिनाभित्रमा पूरै क्षमतामा उत्पादन हुने बताइएको छ । यस आयोजनाबाट बर्खायाममा क्षमताभन्दा बढी बिजुली उत्पादन हुने गर्दछ। मर्स्याङ्दी नदीमा पानीको बहाव बढ्दा बिजुली उत्पादन बढ्ने र पानी घट्दा उत्पादन घट्ने भएकाले नदीको पानीको बहाब क्षमताको आधारमा बिजुली उत्पादन गर्ने गरिन्छ। सन् २००० मा निर्माण सुरु भएको यो आयोजना सन् २००८ मा सम्पन्न भएको थियो। कूल रु २७ अर्ब २० करोडको लागतमा निर्माण भएको यो आयोजना जिल्लाकै पहिलो तथा ठूलो जलविद्युत् आयोजना हो। जिल्लामा आधा दर्जनभन्दा बढी आयोजनाबाट बिजुली उत्पादन भएको छ। ती अधिकांश आयोजनाबाट पनि विस्तारै बिजुली उत्पादन वृद्धि भइरहेको बताइएको छ।

जिल्लामा ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख', पचास मेगावाटको माथिल्लो मर्स्याङ्दी ए, न्यादी खोलामा निर्माण गरिएको ३० मेगावाटको न्यादी जलविद्युत्, दोर्दी करिडोरमा उत्पादित हिमालयन पावर पार्टनरको २७ मेगावाटको दोर्दीखोला, लिबर्टी इनर्जी लिमिटेडको २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजना, दोर्दीखोला जलविद्युत् कम्पनीको १२दशमलव एक मेगावाटको दोर्दी-१, छ्याङ्दी खोला हाइड्रोपावर कम्पनीको चार मेगावाट क्षमताको जलविद्युत् लगायतबाट बिजुली उत्पादन भइरहेको छ।

# भेडापालनमा तमानखोलाका युवा

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ जेठ

बागलुङको तमानखोला गाउँपालिका-४ लाम्मेलाका २५ वर्षीय युवा सिजन छन्त्याल भेडापालनमा हुनुहुन्छ। युवा जोस तथा उत्सुकताको उमेरमा उहाँको सन्तुष्टि भने भेडापालमा भेटिएको छ।

अहिलेका युवामा वैदेशिक रोजगारीको मोह बढिरहेको सन्दर्भमा सिजनलाई भने भेडीगोठले तानिरहेको छ। बुबा र बाजेले गर्दै आएको भेडापालनलाई आफूले निरन्तरता दिने निर्णयका साथ भेडापालनमा होमिएको उहाँको भनाइ छ। भेडापालनलाई व्यावसायिक बनाउनसके विदेशको कमाई आफ्नै गाउँठाउँमा गर्न सकिने भन्दै भेडापालनमा होमिएको उहाँ बताउनुहुन्छ। सिजन अहिले आफ्नो गाउँ लाम्मेला हुँदै भेडा चराउनका लागि सोलेडाँडा पुग्नुभएको छ। उहाँले पाल्नुभएका एक सय पाँच भेडा अब भदौमा मात्रै घर फर्कनेछन्। "बाबा भक्तिप्रसाद छन्त्यालको प्रेरणाले भेडापालनमा लागे, सानैमा भेडीगोठमा नै बढी आनन्द मानियो, साथीभाइ राहदानी बनाएर विदेश हानिए, भेडापालनमा समेत राम्रो सम्भावना देखेर आफू भने भेडीगोठमा लागेको हुँ", युवा भेडापालक किसान सिजनले भन्नुभयो, "कम्तीमा दुई सय भेडा पाल्न सके खाडी मुलुकमा जति कमाउन सकिने रहेछ, रोगव्याधी र जङ्गली जनवारले नसताएमा अब मङ्सिरमा घर आउँदा भेडा झण्डै एक सय ४० भन्दामाथि पुग्नेछन्।" एक वर्षमा ४० देखि ५० भेडा, साँढ तथा पाठी बिक्री गर्नेगरी भेडापालनलाई व्यवस्थित गर्दै आएको उहाँको भनाइ छ। रोज्जा साँढको मूल्य रु ३५ हजारसम्म पर्ने गरेको उहाँले बताउनुभयो। सरदर रु १० हजारदेखि ३५ हजारसम्म साँढ, भेडा र पाठीको मूल्य पर्दछ। भेडापालनबाटै वार्षिक रु छ लाख आम्दानी गर्दै आएको उहाँको भनाइ छ। "भेडापालन एक कष्टकर पेसा हो, घरमै बसेर भेडापालन हुँदैन, जङ्गलमा अस्थायी गोठ बनाएर भेडापालन गर्दै बस्नुपर्दछ", उहाँले भन्नुभयो, "वार्षिक सरदरमा रु छ लाख आम्दानी हुन्छ, जङ्गली जनवारको आक्रमणमा नपरे अझ धेरै हुनसक्छ, नेपालमै बसेर भेडापालन गर्ने सोच बनाएको छु, साथीभाइ विदेशिए भनेर म विदेश जान्न।" उहाँले भेडा चराउनका लागि वैशाखमा सोलेडाँडा, फागुन र चैत जम्दारखोर, पुस र माघ सोलेडाँडा, असोज र कात्तिक बैलीको धुरी र असारदेखि भदौसम्म बुकीमा भेडा चराउन लैजाने गरेको बताउनुभयो। वर्षमा मङ्सिर महिना मात्रै भेडालाई घरमा राख्ने गरेको सिजनको भनाइ छ। परम्परागत भेडापालनमा पछिल्लो समय युवाको आकर्षण देखिएको हो। पुर्खादेखिको पेसा धान्दै भेडापालनलाई व्यावसायिक बनाउँदै यहाँका केही युवा भेडापालनमा आकर्षित भएका हुन्। सिजनसँगै भेडापालन अर्का युवा तारानाथ सिर्पाली पनि सक्रिय हुनुहुन्छ। तारानाथका अहिले २५ मात्रै भेडा छन्। उहाँले यस वर्ष भेडाको सङ्ख्या बढाउने बताउनुभयो । पुस्तान्तरणको अभावमा कतिपय पेसा लोप हुने अवस्थामा पुगे पनि भेडा पाल्ने पेसामा हाम्रो तमानखोलामा पुस्तान्तरण भएको भेडापालक किसान तारानाथको भनाइ छ। उहाँले गाउँपालिकाले युवा भेडापालक किसानलाई भेडीगोठमा आवश्यक त्रिपाल, सोलार र टर्चलाइट वितरण गरेको बताउनुभयो। खोर सुधारका लागिसमेत पालिकाले समयसमयमा अनुदान दिने गरेको उहाँको भनाइ छ। "गाउँपालिकाले भेडापालन किसानलाई त्रिपाल, सोलार तथा लाइट वितरण गरेको छ, जङ्गलमा गोठ बनाएर बस्दा गाउँपालिकाले दिएको सामाग्रीको निकै महत्व छ", उहाँले भन्नुभयो, "भेडापालन पेसा निकै कष्टकर भए पनि दुःख गर्नसके राम्रो आम्दानी हुने पेसा हो।"

पछिल्लो समय भेडापालक किसान पाउनै मुस्किल भएका सन्दर्भमा उक्त गाउँपालिकाका उच्च पहाडी क्षेत्रका किसानको आम्दानीको मुख्य स्रोत पशुपालन रहेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताउनुभयो । गाउँपालिकाले भेडापालक किसानलाई खोर सुधार गर्न, त्रिपाल खरिद गर्न र सोलार खरिदका लागि सहयोग गर्दै आएको उहाँले जानकारी दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ११ राजु भट्टराईको घर जाने बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: राजु भट्टराईको घर जाने बाटो ढलान**
**स्थान: पोखरा-११, कास्की**
**योजना सम्झौता मिति : २०८०/०१/१४ गते**
**योजना सम्पन्न भएको मिति : २०८०/०२/३२ गते**
**योजनाको कुल लागत : रु. ४,४०,५३०.०२।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.३,७०,०००।-**
**जन सहभागितावाट : रु.७०,५३०.०२।-**
**उपभोक्ता समिति अध्यक्ष: राजु भट्टराई**
**सचिव: बसन्त कुमार श्रेष्ठ, कोषध्यक्ष: कला ढकाल**
**अनुगमन : वडा सदस्य सुशील बास्तोला**
**भिम प्रसाद गुरुङ**

**राजु भट्टराईको घर जाने बाटो ढलान निर्माण उपभोक्ता समिति**
**पोखरा-११, कास्की**

## विमा लेख हरायो

**नेपाल लाइफ इन्स्योरेन्स क. लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पोखरा-२२ बाट पृथ्वीचोक जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**

**नाम: तारा नेपाली**
**विमा लेख नं. ३०१०२०३६३**
**ठेगाना: चापाकोट-७, कास्की**
**सम्पर्क : नेपाल लाइफ इन्स्योरेन्स क.लि.**
**फोन: ९८५६०६५९७२**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ मनकामना मन्दिरदेखि वयली डाँडा सडक स्तरोन्ती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सवैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम :** मनकामना मन्दिरदेखि वयली डाँडा सडक स्तरोन्ती
**उपभोक्ता समितिको नाम:** मनकामना मन्दिरदेखि वयली डाँडा सडक स्तरोन्ती उपभोक्ता समिति, पोखरा-२१
**योजना सम्झौता मिति :** २०७९/११/२६
**योजना सुरु मिति :** २०७९/११/२७
**योजना सम्पन्न भएको मिति :** २०८०/०२/१४
**महानगरपालिका बाट प्राप्त :** ९,७७,०००/-
**जनसहभागिता :** १०,१०,४१५/२६
**योजनाको कुल लागत :** १९,८७,४१५/२६

**लक्ष्मी प्रसाद पोखेल**
अध्यक्ष
**मनकामना मन्दिरदेखि वयली डाँडा सडक स्तरोन्ती उपभोक्ता समिति**
पोखरा-२१, कास्की

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३, आर्वा-मौजा कुलायन मार्ग (कुलायन मार्ग स्तर उन्नती) गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सवैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम :** आर्वा-मौजा कुलायन मार्ग स्तर उन्नती
**उपभोक्ता समितिको नाम:** आर्वा-मौजा कुलायन मार्ग उपभोक्ता समिति, पोखरा-१३
**योजना सम्झौता मिति :** २०७९/११/२९
**योजना सुरु मिति :** २०७९/११/३०
**योजना सम्पन्न भएको मिति :** २०८०/०२/०८
**महानगरपालिका बाट प्राप्त :** ३०,००,०००/-
**जनसहभागिता :** ३,३३,३३३/-
**योजनाको कुल लागत :** ३३,३३,३३३/-

**शरद चन्द्र वराल**
अध्यक्ष
**आर्वा-मौजा कुलायन मार्ग उपभोक्ता समिति**
पोखरा-१३, कास्की

## शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ९-१२)को अनुदान कोटामा रिक्त सहायक प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८०/०२/१४ को चलानी नं. ८७५ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इन्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०७/०७९/८० | सहायक प्रशिक्षक | नि.मा.वि. कक्षा (९-१०) | कृषि (बाली विज्ञान) | तृतीय | १ | अस्थायी करार |

**१, शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा कम्तिमा बी.एस्सी.एजी उत्तीर्ण गरेको हुनुपर्ने।**
**२, छनौटका आधारहरु: लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता।**
**३, उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:**
**निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति।**
**४, दरखास्त दस्तुर: रु १५००।- तिरेको सक्कल रसिद।**
**५, दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मिति: २०८० जेठ २८ गते कार्यालय समयभित्र।**
**६, तलब स्केल: नेपाल सरकारको नियमानुसार।**
**७, परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ।**
**विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ।**

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२० भलाम, कास्की फोन नं. ०६१-६२१५६५**